**सर्वोच्च अदालत, पूर्ण इजलास**
**माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी**
**माननीय न्यायाधीश श्री सुनिल कुमार पोखरेल**
**माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल**
**आदेश**
**०७६-WF-०००४**
**मुद्दाः उत्प्रेषणसमेत।**

धनुषा जिल्ला, लगमा गाढा गुठी गा.वि.स., वडा नं. ८ बस्ने वर्ष ५३ को विन्देश्वर ठाकुर ......................................................................................... १ } निवेदक

**बिरुद्ध**

पुनरावेदन अदालत जनकपुर ......................................................... १
धनुषा जिल्ला अदालत, जनकपुर ..................................................... १
तहसिलदार, धनुषा जिल्ला अदालत, जनकपुर ..................................... १
मालपोत कार्यालय धनुषा, जनकपुर ................................................. १
धनुषा जिल्ला, लगमा गाढा गुठी गा.वि.स., वडा नं. ५ बस्ने कर्पुरा देवी ................. १
धनुषा जिल्ला, रघुनाथपुर गा.वि.स., वडा नं. ४ बस्ने सुनिलकुमार कर्ण .................. १
} प्रत्यर्थी

नेपालको संविधानको धारा ४६ एवम् धारा १३३(२) र (३) तथा नजिर सिद्धान्त परस्पर बाझिएको भनी यस अदालतको संयुक्त इजलासको मिति २०७४।०७।१९ को आदेशानुसार सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ख) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार रहेको छः

**तथ्य खण्ड**

१. म निवेदक भारत कलकत्तामा कार्यरत रहेको अवस्थामा विपक्षी वादी कर्पुरा देवीले म उपर धनुषा जिल्ला अदालतमा लेनदेन मुद्दा दिएकोमा वादी दावी बमोजिम साँवा र ब्याज प्रतिवादीहरुबाट भराई पाउने ठहरी मिति २०६८।११।१६ मा अदालतबाट

फैसला भएको थियो। फैसला बमोजिमको साँवा र ब्याज म निवेदक तथा मेरो स्वर्गीय आमा सावित्री बाहुनीको नाउँको जग्गाबाट भराई पाउन वादी कर्पुरा देवीले बिगोको दरखास्त दिएकोमा म निवेदकलाई जानकारी नदिई म्याद तामेल गरियो। सो मुद्दाको जायजात तायदात एवं पञ्चकृते मोल मुचुल्कामा अनिवार्य रुपमा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(४) र (५) अनुसार राख्नु पर्ने प्रतिनिधि एवं साक्षीसमेत नराखी प्रति कठ्ठा रु.१५,०००।- मूल्य जाने जग्गाको रु.३२,०००।- जायजात तथा तायदात मुचुल्का रु.३३,०००।- पञ्चकृते मुचुल्कामा देखाई मिति २०६९।०५।०३ मा डाँक लिलाम भयो।

सो कुरा थाहा पाई वेरीतको डाँक लिलाम बदर गरी डाँक लिलाम भएको रकम समेत धरौट राखी जग्गा फुकुवा गरी पाउन भनी मैले धनुषा जिल्ला अदालतमा दिएको निवेदन अनुसार धरौटी जम्मा गरी जिल्ला न्यायाधीशको इजलास समक्ष पेश भएकोमा वादीले पाउनु पर्ने विगो दाखिल भएको र डाँक सकार गर्नेले दा.खा. पूर्जीसमेत नपाउनुको साथै वादीले पनि डाँक लिलाममा सहमत नदेखाएकोले वादीले प्रतिवादीबाट बिगोसम्म पाउने कानूनी प्रावधान समेत रहेको अवस्थामा प्रतिवादीले डाँक लिलाम भएको १५ दिनभित्रै बिगो दाखिल गरी सकेको समेतको आधार प्रमाणबाट मिति २०६९।०५।०३ मा भएको डाँक लिलाम बदर गरी दिएको छ, रोक्का रहेको प्रतिवादीको जग्गा फुकुवा गरी दिनु भन्ने मिति २०६९।०५।२९ मा धनुषा जिल्ला अदालतबाट आदेश भयो। सो आदेश उपर लिलाम सकार गर्ने प्रत्यर्थी सुनिलकुमार कर्णले पुनरावेदन अदालत जनकपुर समक्ष दिएको निवेदनमा पुनरावेदन अदालत जनकपुरबाट जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(११) को व्यवस्थाको विपरीत तहसिलदार स्वयं आफूले एकपटक स्वीकार गरी सकेको डाँक लिलाम वापतको रकम उक्त कार्यलाई नै प्रभावित पार्ने गरी भएको कार्यलाई नै जिल्ला न्यायाधीश समेतले समर्थन गर्ने गरी मिति २०६०।०५।२९ को डाँक लिलाम बदर गर्ने गरेको आदेश समेतको सम्पूर्ण कामकारवाहीहरु वेरितको देखिंदा उक्त आदेश बदर गरी प्रतिवादीबाट दाखिल गराएको बिगोसमेत निजलाई नै फिर्ता गरी दिनु भन्ने मिति २०७०।०५।१३ को आदेश भएको छ।

उक्त मुद्दामा तायदात र पञ्चकृते मोल कायम गर्दा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(४) र (५) अनुसार राख्नु पर्ने प्रतिनिधि तथा साक्षी नराखी भएको काम कारवाही कानून विपरीत रहेको प्रष्ट छ। म निवेदकले विपक्षी वादी कर्पुरादेवीको विगो शुरु धनुषा जिल्ला अदालतमा दाखेल गरी सकेको र सो विगो विपक्षी कर्पुरा देवीले फिर्ता पाउँ भनी दिई बुझी सकेको, लिलाम सकार गर्ने व्यक्ति प्रत्यर्थी सुनिलकुमार कर्णले अ.वं. १७ नं. बमोजिम दिएको निवेदनको आधारमा

पुनरावेदन अदालत जनकपुरले शुरु धनुषा जिल्ला अदालतको आदेशलाई बदर गर्ने गरी भएको आदेश न्यायको रोहमा मिलेको नहुँदा प्रत्यर्थी पुनरावेदन अदालत जनकपुरको मिति २०७०।०५।१३ को त्रुटीपूर्ण आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरी म निवेदक तथा मेरो स्व. आमाको नाउँको जग्गाहरु फुकुवा गरी दिनु भनी धनुषा जिल्ला अदालतको नाउँमा परमादेश जारी गरी पाउँ। साथै पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।०५।१३ मा भएको त्रुटीपूर्ण आदेश प्रस्तुत रिट निवेदनको टुङ्गो नलागुन्जेलसम्म कार्यान्वयन नगर्नु नगराउनु भनी प्रत्यर्थीहरुको नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश जारी गरी पाउँ भन्ने निवेदक विन्देश्वर ठाकुरको यस अदालतमा परेको निवेदनपत्र।

२. यसमा के, कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? जारी हुनु नपर्ने कुनै आधार र कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १,२,३,४ का हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र विपक्षी नं. ५ को हकमा आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र प्रस्तुत रिट निवेदनको एक प्रति प्रतिलिपि नक्कलसमेत साथै राखी विपक्षीहरुका नाममा सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयसमेतलाई दिई लिखित जवाफ पेश भएपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु।

साथै यसमा अन्तरिम आदेश समेत माग गरेको सम्बन्धमा विचार गर्दा, कानून वमोजिम डाँक बढाबढ भई लिलाम समेतको कार्य मिति २०६९।०५।०३ मा समाप्त भैसकेको र विवादित जग्गा वादीको नाममा दाखेल खारेज नभएको अवस्थामा प्रतिवादीद्वारा ऐनले तोकेवमोजिमको वादीले पाउने सावाँ ब्याजसमेतको रकम अदालत समक्ष धरौट दाखेल गरी रहेको अवस्थामा प्रस्तुत विवादको टुङ्गो नलाग्दै प्रतिवादीबाट दाखेल भएको धरौट रकम फिर्ता गरिदिनु भन्ने पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।०५।१३ मा भएको आदेश कार्यान्वयन भई गएमा निवेदकलाई अपुरणीय क्षति हुन जान सक्ने देखिँदा, सुविधा सन्तुलनको दृष्टिकोणबाट समेत प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।०५।१३ मा भएको आदेश कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरुका नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम यो अन्तरिम आदेश जारी गरिदिएको छ। सो को जानकारी विपक्षीहरुलाई दिई नियमबमोजिम पेश गर्नु भनी यस अदालतको मिति २०७०।०६।०७ को आदेश।

३. अदालतले कानूनतः प्रक्रिया पुऱ्याई गरेको लिलाम अनुसारको सम्पूर्ण रकम धरौटीमा जम्मा दाखिल गर्नु भनी स्वयं तहसिलदारहरुले नै आदेश दिएको देखिन्छ। वादीले

प्रतिवादीबाट पाउनु पर्ने रकमको सम्बन्धमा प्रतिवादीको जग्गा डाक लिलाम गरी सम्पूर्ण रकम धरौटीमा जम्मा गर्न आदेश दिई रकम जम्मा भई सकेपछि पहिले निवेदकलाई नै रकम जम्मा गर्न आदेश दिने तहसिलदार स्वयंले पुनः प्रतिवादीलाई रकम जम्मा गर्न आदेश नै दिन मिल्दैन। गैरकानूनी आदेशको भरमा रकम जम्मा गरेको देखिएकोले जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(११) विपरित तहसिलदार स्वयं आफूले एकपटक स्वीकार गरिसकेको डाक लिलाम वापतको रकम र उक्त कार्यलाई नै प्रभावित पार्ने गरी भएको कार्यलाई जिल्ला न्यायाधीशसमेतले समर्थन गर्ने गरी मिति २०६९।०५।२९ को डाक लिलाम वदर गर्ने गरेको आदेश समेतका सम्पूर्ण काम कारवाहीहरु समेत वेरितको देखिएको छ। तसर्थ, कानूनवमोजिमको अधिकारक्षेत्र ग्रहण गरी कानूनवमोजिम नै यस अदालतबाट आदेश भएको हुँदा यस अदालतको उक्त आदेश रिट निवेदनमा उल्लेख गरेबमोजिम नेपालको अन्तरिम संविधान २०६३ को धारा १२(२)(ङ), १३(१) र १९ द्वारा प्रदत मौलिकहकको प्रचलनमा अवरुद्ध नभएकोले रिट निवेदनको साथै यस मुद्दा सम्बन्धमा त्यस सम्मानित अदालतबाट मिति २०७० साल आश्विन ७ गते जारी भएको अन्तरिम आदेश समेत खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, जनकपुरको लिखित जवाफ।

४. प्रतिवादी विन्देश्वर ठाकुरले मिति २०६९।०५।१५ मा मैले पाउने कूल विगो रु.३,१९,०६६।- धनुषा जिल्ला अदालत समक्ष धरौटी राखेको, धरौटीमध्ये लाग्ने अढाई प्रतिशत दस्तुर रु.७,८०३।९९।- र नपुग कोर्ट फि रु.२११।६०।- समेत जम्मा रु.८,०१५।५९।- कट्टा गरी बाँकी रकम रु.३,११,०५०।४१।- वादीले फिर्ता पाउने गरी धनुषा जिल्ला अदालतको मिति २०६९।०५।३१ को आदेशानुसार अदालतबाट म वादीले प्राप्त गरिसकेको भन्नेसमेत व्यहोराको प्रत्यर्थी कर्पुरा देवीको लिखित जवाफ।

५. धनुषा जिल्ला अदालतबाट सर्वसाधारणका निमित्त जारी भएको लिलामी सूचनाबारे थाहा पाई म तोकिएको मिति २०६९।०५।०३ मा उपस्थित भई डाक बढावढ प्रक्रियामा सामेल भै मैले बोलेको अंक अन्तिम भई कानूनबमोजिम अंकको १० प्रतिशतले हुन आउने रकम मैले तत्कालै दाखेल गरेको हुँ। बाँकी रकम कानूनको म्याद ७ दिनभित्रै मिति २०६९।०५।०८ मा दाखेल गरी मैले सकार गरेको डाक लिलामले पूर्णता पाई मैले डाक सकार गरेको सम्पत्तिमा दर्ता धारकको हक समाप्त भै मेरो हक सृजना भै सकेको छ। मेरो सारवान हक स्थापित भई सकेपश्चात कार्यविधिगत दा.खा. दर्ताको कार्यवाही मात्र बाँकी रहेकोमा हाल आएर दा.खा. पूर्जी लिई जग्गा दा.खा. दर्ता समेत गराई जग्गा धनी प्रमाण पुर्जा प्राप्त गरी सकेको छुँ।

अदालतबाटै तेस्रो पक्षलाई आह्वान गरी प्रक्रियामा समावेश गरी गराई कार्य सम्पन्न भए पश्चात प्रतिवादीबाट विगो बुझिलिने गरी तहसिलदारबाट भएको कार्य र विगो बुझाएको भन्ने कारणले डाक लिलाम बदर गर्ने माननीय जिल्ला न्यायाधीशबाट भएको आदेशलाई प्रचलित कानूनी व्यवस्थाले पनि मान्यता दिएको छैन। अदालतबाट विगो दाखेल गर्नु भन्ने ३५ दिने सूचना डाक लिलामको सूचना लगायतका म्याद सूचनाहरु रितपूर्वक कै रहे भएको देखिए पछि निजले उक्त सूचनाको म्यादमा उपस्थित भै वादीको रकम दाखेल गर्नु पर्नेमा सो हक परित्याग गरिसकेपछि हाल आएर डाक लिलामको प्रक्रियामा प्रश्न उठाउन मिल्ने होइन। सम्बन्धित निकायहरुलाई लिखित सूचना दिएपछि उपस्थित हुन नआएको भन्ने कारणले मात्र त्यस्तो काम कार्यवाही बदर नहुने भनी जिल्ला अदालत नियमावली, २०५२ को नियम ८८ ले गरेको छ। प्रतिनिधि साक्षी नराखेको भन्ने एकमात्र कारणले रितपूर्वकको काम कार्यवाही बदर भै जाने होइन। रिट निवेदकले मिति २०६९।०२।२७ को जायजात मुचुल्का, मिति २०६९।०३।११ को पंचकृते मूल्याङ्कन मुचुल्का बदर गरी पाउँन निजका नाउँमा डाक लिलामको सूचना मिति २०६९।०४।०८ मा तामेल हुँदा थाहा भएको हो। दण्ड सजायको ६१ नं. बमोजिमको म्यादभित्रै दावी गर्नु पर्ने हो। सो म्याद नाघी मिति २०६९।०५।१५ मा धनुषा जिल्ला अदालतमा दावी गर्नु भएकोमा धनुषा जिल्ला अदालतको मिति २०६९।०५।२९ को आदेशबाट समेत माग सम्बोधन नभएपछि चुप लागेर बसी हाल आएर रिट क्षेत्रबाट उक्त मुचुल्का बदरको दावी लिनु कानून विपरीत छ। यस आधारमा समेत रिट निवेदन खारेजभागी छ। रित पूर्वकको डाक लिलाम सदर गर्ने गरी भएको पुनरावेदन अदालत जनकपुरको आदेश यथावत कायम राखी पाउँ भन्नेसमेत व्यहोराको विपक्षी सुनिलकुमार कर्णको लिखित जवाफ।

६. वादी कर्पुरा देवी र प्रतिवादी विन्देश्वर ठाकुर भएको फैसला अन्तिम भई फैसला अनुसारको विगो भराई पाऊँ भनी वादीको दरखास्त परी विगो दाखिल नभै सावित्री वाहुनीको नाउको धनुषा जिल्ला लगमा गाढागुठी गा.वि.स. वडा नं. ५ स्थित कि.नं. ३४६ को ०-५-० मध्ये पश्चिम तर्फबाट ०-४-२-५ जग्गा र विन्देश्वर ठाकुरको नाउको ऐ.ऐ.स्थित कि.नं. ३२२ क्षेत्रफल ०-५-११ जग्गा रु ३,२४,०००। मा सुनिलकुमार कर्णले डाक सकार गरेको हो। सो डाक लिलाम वदर गरी पाऊँ भनी विगो दाखिला गरी निवेदक विन्देश्वर ठाकुरको निवेदन परी डाक भएको १५ दिन भित्रै विगो दाखिल गरी सकेको आधार प्रमाणबाट डाक लिलाम वदर हुने गरी यस अदालतबाट आदेश भएको छ। सो आदेश वदर गरी पाउँ भनी सुनिलकुमार कर्णको अ.बं. १७ नं. को निवेदन परी आदेशानुसार कैफियत तलबमै मिति २०६९।०५।२९ को डाक लिलाम बदर गर्ने गरेको आदेश समेतको सम्पूर्ण काम कारवाहीहरु बदर हुने

गरी सम्मानित पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।०५।१३ मा आदेश भएको मिसिल संलग्न कागजातबाट देखिदा निवेदकको रिट निवेदनबाट यस अदालतको नाउमा अन्तरिम आदेश जारी हुनु पर्ने होइन। निवेदकको रिट निवेदन निराधार हुँदा खारेजभागी छ भन्ने समेत व्यहोराको धनुषा जिल्ला अदालत तथा ऐ.का तहसिलदार समेतको लिखित जवाफ।

७. यसमा यस्तै विवाद समावेश भएको ने.का.प. २०६८, अंक ६, नि.नं.८६३४, पृष्ठ १०१८ मा प्रकाशित निवेदक लालमन कहार विपक्षी विनोद प्रसाद मिश्र समेत भएको उत्प्रेषणको रिट निवेदनमा *"जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(१)(११) मा विगो दाखिल गर्ने व्यक्तिले लिलाम डाकको कार्य सम्पन्न नहुँदासम्म विगो दाखिल गरे बुझी लिई लिलाम कार्य तामेलीमा राख्ने व्यवस्था गरेबाट भरी पाउने विगो डाक लिलाम कार्य सम्पन्न नहुँदासम्म मात्र दाखिल गर्न पाउने सुविधा हो भन्ने देखिन्छ। कानूनले निर्धारण गरेको समय सीमाभित्र विगो दाखिल नगरे यसको कानूनी मान्यता हुदैन ... कानूनले तोकेको म्यादभित्र नआई डाक लिलामको कार्य सम्पन्न भै सकेपछि रकम दाखिल गर्न ल्याएकोलाई कानूनको म्यादभित्र दाखिल गर्न ल्याएको भन्न मिलेन"* भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ। त्यसै गरी निवेदक खतिजन खातुन विपक्षी अलि महमद मिया अन्सारीसमेत भएको ०६७-wo-१०७५ को उत्प्रेषणको रिट निवेदनमा *"लेनदेन मुद्दामा वादीलाई सरोकार रहने प्रमुख कुरा भनेको उसको कानून वमोजिमको साँवा ब्याज असूली हुनु हो, लेनदेन मुद्दाका वादीले पाउने साँवा ब्याज समेतको विगो यी निवेदकले लिलामी उपर उजूर गर्न पाउने दण्ड सजायको ६१ नं. ले दिएको १५ दिनको म्याद भित्रै दाखिल गरी पाउन जिल्ला अदालतमा निवेदन दिई अदालतको आदेशले विगो दाखिला गरेको र लिलाम वदर भएको अवस्था समेत देखिएको हुँदा उक्त लिलामीलाई यथावत राख्नु पर्ने अवस्था नभएको"* भनी सिद्धान्त प्रतिपादन भएको देखिएको छ।

प्रस्तुत रिट निवेदनको विवादको विषयवस्तु जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(११) को व्याख्यासँग सम्बन्धित रहेकोमा यस सम्बन्धमा यस अदालतको दुई संयुक्त इजलासबाट अलग अलग सिद्धान्त प्रतिपादन भै प्रतिपादित सिद्धान्त एक आपसमा बाझिएको देखिएकाले यस प्रश्नको निरुपण पूर्ण इजलासबाट हुन मनासिव रहेको देखिन आयो। यस अदालतको दुईवटा संयुक्त इजलासबाट जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(११) को व्याख्या सम्बन्धमा प्रतिपादित सिद्धान्त एक आपसमा बाझिएको देखिएकोले यो कानूनी प्रश्नको निरुपण पूर्ण इजलासबाट हुन उपयुक्त हुँदा संयुक्त इजलासको लगत कट्टा गरी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ख) वमोजिम प्रस्तुत रिट निवेदन पूर्ण इजलासमा पेश गर्नु भन्ने यस अदालतको मिति २०७४।०७।१९ मा भएको फैसला।

८. यसमा यस्तै प्रकृतिको धर्मदेव झा विरुद्ध उच्च अदालत जनकपुर, राजविराज इजलास समेत भएको उत्प्रेषणको रिट निवेदनमा रायबाझी भई संयुक्त इजलासबाट पूर्ण इजलासमा पेश भएकोले मुद्दा नं. ०७८-WF-००२७ को निवेदन मिति २०८०।३।२१ मा पेशी तोकिएकोले साथै राखी पाउँ भनी छलफलको क्रममा कानून व्यवसायीले अनुरोध गर्नुभएको हुँदा प्रस्तुत निवेदन समेत सोही मितिको पेशी तोकी साथै राखी नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०८०।१।२८ को आदेश।

## आदेश खण्ड

९. नियमबमोजिम दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल अध्ययन गरी हेरियो।

१०. निवेदक तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री महादेव प्रसाद यादवले लेनदेन मुद्दाको विगो भरी भराउको क्रममा रिट निवेदकको नाउँमा वेरितपूर्वक म्याद जारी गरी कानून वमोजिमको प्रक्रिया पूरा नगरी निवेदकको जग्गा डाक लिलाम भएको छ। रिट निवेदकले डाक लिलाम भएको थाहा पाउना साथ मुलुकी ऐन, दण्ड सजायको ६१ नं. को म्यादभित्र डांक लिलाम बदर गरी पाउन वादीले फैसलाबमोजिम भरी पाउने ठहरेको विगो रकमसमेत धरौटी राखी निवेदन गरेकोमा जिल्ला अदालतले डाक लिलाम बदर गरेको हो। सो उपर विपक्षी सुनिल कुमार कर्णको निवेदन परी पुनरावेदन अदालत जनकपुरले अ.बं. १७ नं. को रोहमा उक्त डाक लिलाम सदर कायम गर्ने गरेको कार्य यस अदालतबाट ०६७-WO-१०७५ को रिट निवेदनमा प्रतिपादित सिद्धान्त विपरीत भएकोले उत्प्रेषणको आदेशले पुनरावेदन अदालत जनकपुरको उक्त आदेश बदर हुनुपर्छ समेत भनी गर्नु भएको बहस सुनियो।

११. प्रत्यर्थी कर्पुरा देवीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रामपुकार महतोले फैसलाबमोजिम प्रतिवादीबाट भराई पाउने ठहरेको बिगो प्रतिवादीले दाखिल गरेकोले मेरो पक्ष कर्पुरादेवीले बुझी लिई फैसला कार्यान्वयन भैसकेको हुँदा मेरो पक्षको हकमा रिट जारी हुनुपर्ने होइन भनी गर्नुभएको बहस सुनियो। त्यसैगरी प्रत्यर्थी सुनिलकुमार कर्णको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल, विद्वान अधिवक्ताद्वय श्री राजु कटुवाल र श्री सेमन्त दाहालले जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(११) बमोजिम डाक लिलाम कार्य सम्पन्न भएपछि विगो दाखिल गर्न नमिल्ने हुँदा निवेदकले बिगो दाखिल गरेको काम कानून विपरीत छ। अदालतको न्यायिक प्रक्रिया बमोजिम नै सार्वजनिक रुपमा सूचना प्रकाशन भई लिलाम सम्पन्न भएको छ। Sanctity of Public Auction को मूल्य मान्यता अनुरुप भएको कार्य परिवर्तन गरिनु पर्ने होइन। ने.का.प. २०६८, अंक ६, नि.नं.८६३४ मा प्रतिपादित सिद्धान्तले

पनि यही कुरालाई मान्यता दिएकाले पुनरावेदन अदालतले गरेको आदेश कानून सम्मत छ। निवेदन मागबमोजिम आदेश जारी गरिरहन पर्ने नहुँदा रिट निवेदन खारेज हुनुपर्छ समेत भनी गर्नु भएको बहस सुनियो।

१२. डाक भएको मुचुल्कामा वादीको समेत सहमती रहे भएको देखिएन र वादीले प्रतिवादीबाट विगोसम्म पाउने कानूनी प्रावधानसमेत रहेको अवस्थामा प्रतिवादीले डाक लिलाम भएको १५ दिन भित्रै विगो दाखिल गरिसकेको समेतका आधार प्रमाणबाट मिति २०६९।०५।०३ मा भएको डाक लिलाम वदर गरिदिएको छ भनी धनुषा जिल्ला अदालतबाट मिति २०६९।०५।२९ मा भएको आदेश वदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।०५।१३ मा भएको आदेश उत्प्रेषणको आदेशद्वारा वदर गरी निवेदक तथा निवेदकको स्व. आमाको नाउँको जग्गाहरू फुकुवा गरिपाउँ भन्ने निवेदक विन्देश्वर ठाकुरको निवेदन दावी रहेको देखिन्छ।

१३. मुलुकी ऐन दण्ड सजायको ६१ नं. को व्यवस्था भन्दा धेरै पछी जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(११) को व्यवस्था भएको, दण्ड सजायको ६१ नं. तहसिलदार कर्मचारीले गरेको काम कारबाही सम्बन्धमा उजुर गर्ने व्यवस्था हो। दण्ड सजायको ६१ नं. को १५ दिने व्यवस्था भन्दै तहसिलदार स्वयंले एकपटक स्विकार गरिसकेको डाक लिलाम वापतको रकम र उक्त कार्यलाई नै प्रभावित पार्ने गरी भएको कार्यलाई जिल्ला न्यायाधीशले समर्थन गर्ने गरी लिलाम वदर गरेको मिति २०६९।०५।२९ को आदेश समेतका सम्पूर्ण कामकारवाहीहरू सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएको सिद्दान्त (नेपाल कानून पत्रिका २०६८, अंक ६, नि.नं. ८६३४, पृ. १०१८) समेतको प्रतिकूल भई बेरितको देखिंदा उक्त आदेश वदर भई प्रतिवादीबाट दाखिल गराएको विगो निजलाई नै फिर्ता दिनू भनी मिति २०७०।०५।१३ मा संयुक्त इजलासबाट आदेश भएको हो भन्ने समेत व्यहोराको पुनरावेदन अदालत जनकपूरको लिखित जवाफ रहेको देखिन्छ।

१४. प्रतिवादी विन्देश्वर ठाकुरले मिति २०६९।०५।१५ मा मैले पाउनु पर्ने विगो धनुषा जिल्ला अदालतमा धरौटी राखेकोमा सो मध्ये लाग्ने अढाई दस्तुर र नपुग कोर्ट फी समेत कट्टागरी बाँकी रकम वादीले फिर्ता पाउने गरी धनुषा जिल्ला अदालतबाट मिति २०६९।०५।३१ मा भएको आदेशानुसार म कर्पुरा देवीले प्राप्त गरी सकेको हुँदा र मैले फैसला बमोजिम पाउनु पर्ने विगो रिट निवेदकवाट प्राप्त गरि सकेकोले रिट निवेदनबाट उन्मुक्ती पाउँ भन्ने कर्पुरा देवीको लिखित जवाफ रहेको देखिन्छ।

१५. अदालतबाटै तेस्रो पक्षलाई आह्वान गरी प्रकृयामा समावेश गरी गराई कार्य सम्पन्न भई सकेपछि विगो बुझाएको कारणले डाक लिलाम बदर गर्ने गरी जिल्ला न्यायाधीशबाट

भएको आदेश जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(११) को व्यवस्था विपरित छ। लालमन कोहार विरुद्ध विनोद प्रसाद मिश्र समेत भएको उत्प्रेषण परमादेश मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्वान्त (नेपाल कानून पत्रिका २०६८, अंक ६, नि.नं. ८६३४, पृ. १०१८) को समेत प्रतिकूल छ। रिट निवेदन खारेज गरी पाउँ भन्ने सुनिल कुमार कर्णको लिखित जवाफ रहेको देखिन्छ।

१६. कर्पुरा देवी वादी र विन्देश्वर ठाकुर प्रतिवादी भएको लेनदेन मुद्दामा धनुषा जिल्ला अदालतबाट मिति २०६८।११।१६ मा भएको फैसला बमोजिम विगो भराई पाउन दरखास्त परी मिति २०६९।०५।०३ मा डाक लिलाम हुँदा सुनिल कुमार कर्णले लिलाम सकार गरेकोमा प्रतिवादी निवेदक विन्देश्वर ठाकुरले लिलाम बदर गरिपाउँ भनी विगो दाखिल गरी मुलुकी ऐन दण्ड सजायको ६१ नं. को म्याद १५ दिन भित्रै निवेदन दिएकाले मिति २०६९।०५।०३ मा भएको लिलाम बदर हुने गरी यस अदालतबाट मिति २०६९।०५।२९ मा आदेश भएको हो। सो आदेश पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।०५।१३ मा भएको आदेशले बदर भएको छ भन्ने धनुषा जिल्ला अदालतको लिखित जवाफ रहेको देखिन्छ।

१७. नेपाल कानून पत्रिका २०६८, अंक ६, नि.नं. ८६३४ मा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(१)(११) मा विगो दाखिल गर्ने व्यक्तिले लिलाम डाकको कार्य सम्पन्न नहुँदासम्म विगो दाखिल गरे बुझिलिई लिलाम कार्य तामेलीमा राख्ने व्यवस्था गरेबाट भरी पाउने विगो डाक लिलाम कार्य सम्पन्न नहुँदासम्म मात्र दाखिल गर्न पाउने सुविधा हो भन्ने देखिन्छ। कानूनले निर्धारण गरेको समय सिमा भित्र विगो दाखिल नगरे यसको कानूनी मान्यता हुँदैन। कानूनले तोकेको म्याद भित्र नआई डाक लिलामको कार्य सम्पन्न भई सकेपछि रकम दाखिल गर्न ल्याएकोलाई कानूनको म्याद भित्र दाखिल गर्न ल्याएको भन्न मिलेन भन्ने सिद्वान्त प्रतिपादन भएको पाइन्छ। खतिजन खातुन निवेदक र अलिमहमद मिया अन्सारी समेत विपक्षी भएको ०६७-wo-१०७५ को उत्प्रेषण समेत रिट निवेदनमा "लेनदेन मुद्दामा वादीलाई सरोकार रहने प्रमुख कुरा भनेको उसको कानून बमोजिमको साँवा ब्याज असुली हुनु हो। लेनदेन मुद्दाका वादीले पाउने साँवा व्याज समेतको विगो यी निवेदकले लिलामी उपर उजुर गर्न पाउने दण्ड सजायको ६१ नं. ले दिएको १५ दिन म्याद भित्रै दाखिल गरी पाउन जिल्ला अदालतमा निवेदन दिई अदालतको आदेशले विगो दाखिल गरेको र लिलाम बदर भएको अवस्था समेत देखिएको हुँदा लिलामीलाई यथावत राख्नुपर्ने अवस्था नभएको भनी सिद्वान्त प्रतिपादन भएको देखिएको छ। प्रस्तुत रिट निवेदनको विषयवस्तु समेत जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(११)को व्याख्यासँग सम्बन्धीत रहेको र दुई संयुक्त इजलासबाट फरक फरक सिद्वान्त प्रतिपादन भएको हुँदा सो नियम

७५(११)को सिद्दान्त एक आपसमा बाझिएको देखिएकाले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ख) बमोजिम पूर्ण इजलासमा पेश गर्नू भनी संयुक्त इजलासबाट मिति २०७४।०७।१९ मा फैसला भएको हुँदा प्रस्तुत रिट निवेदन यस इजलास समक्ष पेस हुन आएको देखियो।

१८. सर्वप्रथमतः २०६६ सालको रिट नं. ०४००(नि.नं. ८६३४) को उत्प्रेषण परमादेश समेत मुद्दामा मिति २०६८।०१।१८ मा भएको आदेश र ०६७-wo-१०७५ को उत्प्रेषण समेत मुद्दामा मिति २०७१।०७।२७ मा भएको आदेशमा प्रतिपादित सिद्दान्त परस्पर वाझिएको अवस्था छ वा छैन ?भन्ने सम्बन्धमा नै विवेचना गर्नुपर्ने हुन आयो।

१९. न्यायको सम्बोधन गर्नको लागि मुद्दाको तथ्य, सम्बद्ध प्रमाण र कानूनको विवेचना गर्ने क्रममा विधिशास्त्रीय सिद्धान्त प्रतिपादन हुने हो। न्याय निरपेक्ष नभई सापेक्ष हुने भएकाले विधिशास्त्रीय सिद्धान्तको प्रतिपादन के कस्तो सन्दर्भमा भए गरेको हो भन्ने कुरा महत्वपूर्ण हुन्छ। विधिशास्त्रीय सिद्धान्त प्रतिपादन हुनुको मूल उद्देश्य मुद्दाका पक्षलाई न्यायको प्रत्याभूति दिनु हो। ०६६-wo-०४०० को रिट निवेदनको निर्णयाधार हेर्दा विपक्षी विनोद मिश्र(लेनदेन मुद्दाका प्रतिवादी)ले म्याद भित्र रकम(विगो) दाखिल नगरेको, निजको पत्नी राधा ज्ञवालीले लेनदेन मुद्दाको प्रतिवादी नभएपनि पत्नी हुँ भनी रकम दाखिल गर्न आए तापनि कानूनले निर्धारण गरेको म्याद भित्र आउनु पर्ने र विगो दाखिल गर्नु पर्ने थियो। कानूनले तोकेको म्याद भित्र नआई डाक लिलामको कार्य सम्पन्न भई सकेपछी रकम दाखिल गर्न ल्याएकोलाई कानूनको म्याद भित्र दाखिल गर्न ल्याएको भन्न मिलेन। जग्गा नाममा नभएकी शान्ति देवी(प्रतिवादी कै अर्की पत्नी)लाई लिलामको सूचना नदिएको, प्रथम पटकको लिलाममा नै पञ्चकिर्ते मूल्यमा वादी (साहु)ले लिलाम सकार गरेको र न्यून मूल्यांकनको आधारमा लिलाम भएको भन्ने आधारमा जिल्ला अदालतको मिति २०६६।०२।२९ को आदेश बदर गरेको पुनरावेदन अदालत बुटबलको मिति २०६६।०६।२९ को आदेश कानूनसम्मत नदेखिंदा उत्प्रेषणको आदेशले बदर गरी दिएको छ। जिल्ला अदालतको मिति २०६६।०२।०५ को लिलाम मुचुल्का कायम रहने ठहर्छ भनी यस अदालतबाट आदेश भएको देखिन्छ। सो मुद्दाको तथ्यगत अवस्था हेर्दा मिति २०६६।०२।०५ मा निवेदकले लिलाम सकार गरेपछी प्रतिवादी विनोद प्रसाद मिश्रको पत्नि शान्ति देवीले लिलाम वदर गरिपाउँ भनी र निजैको अर्की पत्नी राधा ज्ञवालीले विगो धरौटी राखी लिलाम वदर गरीपाउँ भनी निवेदन दिएको र वादी (लालमन कोहार)ले राधा ज्ञवालीले राखेको धरौटी निजलाई फिर्ता गरिपाउँ भनी दिएको निवेदनमा लिलाम वदर गर्न मिलेन ऐन कानूनद्वारा प्रदत्त सिमा नाघी मिति २०६६।०२।१८ मा निवेदिका राधा ज्ञवाली मिश्रले दाखिल गरेको विगो निजैलाई फिर्ता दिनू भनी मिति २०६६।०२।२९ मा

रुपन्देही जिल्ला अदालतबाट आदेश भए उपर मुलुकी ऐन अ.वं. १७ नं.बमोजिम परेको निवेदनको रोहबाट उपरोक्त जिल्ला अदालतको आदेश बदर गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०६६।०६।२९ मा आदेश भएको देखिन्छ।

२०. ०६७-wo-१०७५ को रिट निवेदनको निर्णयाधार हेर्दा लेनदेन मुद्दा कारबाहीयुक्त रहेकै अवस्थामा प्रतिवादी रमजान मियाको मृत्यु भई निवेदक खतिजन खातुनले मुद्दा सकार गरी लेनदेन मुद्दा फैसला भएकोमा रमजान मियाको नाउँ मात्र उल्लेख गरी लिलामको सूचना पूर्जी जारी भएको र मिति २०६७।१०।०५ का दिन लिलामी हुने सूचना रित पुर्वक जारी भएको अवस्था देखिंदैन। निवेदकले लिलामी उपर उजुरी गर्न पाउने दण्ड सजायको ६१ नं. ले दिएको म्याद १५ दिन भित्रै वादीले पाउने साँवा व्याज समेतको विगो दाखिला गरी पाउन निवेदन दिई अदालतको आदेशले विगो दाखिला गरेको र लिलाम वदर भएको अवस्था देखिएको हुँदा लिलामलाई यथावत राख्नु पर्ने अवस्था नभएकोमा पुनरावेदन अदालत हेटौडाको आदेशबाट निवेदकको हकमा आघात पुगेको देखिएकोले पुनरावेदन अदालत हेटौडाको मिति २०६७।१२।३० को आदेश उत्प्रेषणको आदेशद्वारा वदर गरी दिएको छ। निवेदन माग दावी बमोजिम पर्सा जिल्ला अदालतको मिति २०६७।१०।१२ को आदेश यथावत कायम राख्नू भनी परमादेश समेत जारी हुने ठहऱ्याई मिति २०७१।०७।२७ मा यस अदालतबाट आदेश भएको देखिन्छ।

२१. उल्लेखित मुद्दाहरूको उपरोक्त बमोजिमका तथ्यगत अवस्था भिन्न रही यस अदालतबाट अवलम्बित निर्णयाधार पनि भिन्न रहेको स्पष्ट देखिन आयो। दुई फरक तथ्यगत अवस्था भएको मुद्दामा न्याय निरुपण गर्दा यस अदालतबाट फैसलामा उल्लेख भएको Obiter Dicta का कुरामा केहि समानता देखिन आएको भएपनि Ratio Decidendi फरक रहेको देखिन आएकाले दुई मुद्दाहरूको रुलिङ्ग बाझिएको भन्न मिल्ने अवस्था देखिएन। तसर्थ सो तर्फ थप विवेचना गरी बोलिरहनु पर्ने भएन।

२२. प्रस्तुत निवेदन मागदावी बमोजिम तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।०५।१३ मा भएको आदेश उत्प्रेषणको आदेश जारी गरी वदर हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने हुन आयो।

२३. यी निवेदकका विरुद्ध विपक्षी मध्येकी कर्पुरा देवीले दायर गरेको लेनदेन मुद्दामा धनुषा जिल्ला अदालतबाट भएको फैसला बमोजिम साँवा व्याज समेतको विगो भराई पाउन निज कर्पुरा देवीले दिएको दरखास्त बमोजिम निवेदक तथा निवेदकको आमाका नाउँका जायजेथा जायजात तायदात एवं पञ्चकिर्ते मुल्यांकन समेत भई मिति २०६९।०५।०३ मा डाक लिलाम हुँदा विपक्षी मध्येका सुनिल कुमार कर्णले लिलाम सकार गरेको तथ्यमा विवाद देखिएको छैन। निवेदक नेपालमा नभई भारतमा सेवारत रहेकोले

अदालतबाट निजका नाउँमा जारी भएको म्यादहरू तामेल हुँदा म्यादवाला व्यक्ति तथा निजको एकाघरमा परिवार समेत फेला नपरेको भनी तामेल भएको, लेनदेन मुद्दा पनि एकतर्फी भई फैसला भएको, जायजात तायदात मुचुल्का समेत निवेदकको अनुपस्थितिमा भएको, मिलुवा व्यक्तिहरुलाई साथमा लिई प्रतिकट्ठा एकलाख पचास हजार पर्ने जग्गालाई बत्तिस हजार मूल्य कायम गरिएको, लिलामी सूचना समेत म्यादवाला व्यक्ति निजका परिवारका सदस्य कोही फेला नपरेको भनी तामेल गराई मिति २०६९।०५।०३ मा विपक्षी सुनिल कुमारले डाक लिलाम सकार गर्ने गरी भए गरेको कुरा मिति २०६९।०५।१४ मा गाउँका व्यक्तिबाट थाहा पाई मिति २०६९।०५।१५ मा नक्कल सारी लिई थाहा पाएको भनी सोही मितिमा मुलुकी ऐन दण्ड सजायको ६१ नं. को म्याद भित्र लिलाम मुचुल्का वदर गरी निवेदन साथ दाखिल गरेको विगो वादीलाई दिलाई रोक्का रहेको जग्गा फुकुवा गरी पाउँ भनी निवेदन दिएको देखिन्छ। उक्त मिति २०६९।०५।०३ को लिलामी मुचुल्का हेर्दा वादी वारेस उपस्थित भई सहि गर्न नमानेको भनी उल्लेख भएको देखिन्छ। सो लिलाम मुचुल्का वादी तथा प्रतिवादी दुबै पक्ष तथा स्थानीय प्रतिनिधी समेतको अनुपस्थितिमा भए गरेको अवस्था देखिन आयो। निवेदकका नाउँमा तामेल भएका म्यादहरू हेर्दा सबै म्यादमा म्यादवाला व्यक्ति, निजको एकाघरको उमेर पुगेको मानिस समेत फेला नपरेको भनी टाँस तामेल भएको देखिन्छ। भारतमा रोजगारगरी बसेको व्यक्तिका नाउँको म्याद घर दैलोमा टाँस तामेल भएको अवस्थालाई न्यायको रोहमा संवेदनशिलतापूर्वक विचार गर्नु पर्ने हुन्छ। लेनदेन मुद्दामा भएको फैसला कार्यान्वयन गरी सोही मुद्दाका पक्षहरूलाई न्यायको प्रत्याभूति दिनु फैसला कार्यान्वयनको मूल उद्देश्य हुन्छ। सो लिलामी मुचुल्कामा न्यायको प्रत्याभूति प्राप्त गर्ने पक्ष वादीले नै चित्त नबुझाई लिलामी मुचुल्कामा सहि नगरेको अवस्था एकातर्फ देखिन्छ भने अर्कोतर्फ जसको सम्पत्ति लिलाम भएको हो सो प्रतिवादी पनि अनुपस्थित रहेको देखिन्छ। मुद्दाका दुबै पक्षको अनुपस्थितिमा लिलामी मुचुल्का हुँदा स्थानीय प्रतिनिधी समेत अनुपस्थित रहेको अवस्था पनि प्रस्तुत सन्दर्भमा विचारणीय देखिन आयो।

२४. लिलाम मुचुल्का बदर गर्ने गरी धनुषा जिल्ला अदालतबाट मिति २०६९।०५।३१ मा भएको आदेश हेर्दा लिलाम मुचुल्का भएको मितिले १५ दिन भित्रै निवेदक प्रतिवादीले र.नं.६५, मिति २०६९।०५।१५ मा वादीले पाउनु पर्ने विगो दाखिल गरी लिलाम वदर गरी पाउन निवेदन गरेको देखिएको, डाक लिलामी मुचुल्कामा वादीको सहमती नदेखिएको, फैसला बमोजिम वादीले प्रतिवादीबाट विगोसम्म पाउने कानूनी प्रावधान रहेको भन्ने समेतको आधार कारण खुलाई मिति २०६९।०५।०३ को लिलाम मुचुल्का वदर गरी रोक्का भएको जग्गा फुकुवा हुने गरी मिति २०६९।०५।२९ मा

आदेश भएको देखिन्छ। सो आदेशमा वादी कर्पुरा देवीले पनि चित्त बुझाई यी निवेदक प्रतिवादीबाट दाखिल भएको विगो बुझिलिएको देखिन्छ। यसरी जिल्ला अदालतबाट भएको उपरोक्त आदेशमा मुद्दाका वादी तथा प्रतिवादी दुबै पक्षले चित्त बुझाई न्यायको प्रत्याभूति भएको देखिन्छ।

२५. विपक्षी मध्येका सुनिल कुमार कर्णले उपरोक्त मिति २०६९।०५।२९ मा अदालतबाट भएको आदेशमा चित्त नबुझाई पुनरावेदन अदालत जनकपूर समक्ष मुलुकी अ.वं. १७ नं. का आधारमा निवेदन दिई सो अदालतबाट मिति २०७०।०५।१३ मा भएको आदेश हेर्दा निम्न बमोजिमको आधार लिई जिल्ला अदालतको आदेश बदर गरेको देखिन्छ।

(क) जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(११) बमोजिम डाक सकार नभएसम्म मात्र विगो दाखिल गर्न पाउने।

(ख) लिलाम सकार गर्ने व्यक्तिले मिति २०६९।०५।०८ मा रकम दाखिल गरेपछि प्रतिवादीले दाखिल गर्न ल्याएको विगो दाखिल गर्न तहसिलदारले आदेश गर्न नमिल्ने।

(ग) दण्ड सजायको ६१ नं. को व्यवस्था भन्दा धेरै पछि जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(११)को व्यवस्था भएकोले नियमको पालना हुनुपर्ने।

(घ) ने.का.प.२०६८, अंक ६, नि.नं.८६३४ समेतको प्रतिकूल हुने गरी जिल्ला अदालतबाट आदेश भएको।

२६. जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(११) मा यस नियम अन्तर्गत लिलामको कारबाही प्रारम्भ भएकोमा बाँकीवाला व्यक्तिले वुझाउनु पर्ने रकम अन्तिम डाक सकार नभएसम्ममा बुझाउन ल्याए उक्त रकम बुझी लिई लिलामको कारबाही तामेली राखिदिनु पर्छ भन्ने व्यवस्था रहेको पाइन्छ। शाब्दिक व्याख्या गर्दा उपरोक्त व्यवस्था बमोजिम डाक लिलाम कार्य सम्पन्न नहुँदासम्म मात्र विगो दाखिल गर्नुपर्ने पक्षले विगो दाखिल गर्न पाउँछ। सो अवधी व्यतित भई सकेपछि अनन्तकालसम्म विगो दाखिल गर्ने अवसर पाउँछ भन्न मिल्दैन। तर सोहि नियम ७५ ले निर्दिष्ट गरे बमोजिम सम्पत्ति लिलाम गर्दा अपनाउनु पर्ने कार्यविधिको पूर्ण पालना भए नभएको, सम्बन्धित पक्षले म्याद सुचना रित पूर्वक प्राप्त गरे नगरेको समेतका अन्य कुराहरु तर्फ विचार नै नगरी नियम ७५(११) को शाब्दिक व्याख्या गर्दा न्यायको सम्बोधन हुन सक्दैन। नियम ७५(६) बमोजिम लिलाम बढावढ हुने सूचना दिंदा पनि त्यस्तो कुनै प्रतिनिधि उपस्थित नभएपनि लिलामको कार्य रोकिने छैन भनी स्पष्ट व्यवस्था रहेको पाइन्छ। तर मुद्दाका दुबै पक्षको अनुपस्थितिमा लिलाम कार्य सम्पन्न गर्न हुने

स्पष्ट कानूनी व्यवस्था रहेको पाइदैन। विगो दाखिल गर्नु पर्ने पक्षलाई रितपूर्वक सूचना जारी हुँदा निज अनुपस्थित रहन सक्ने अवस्था हुन्छ। निजको हकमा रित पूर्वक म्याद सुचना तामेल भई निजले सुचना प्राप्त गरेको अवस्थामा निज अनुपस्थित रहँदा पनि फैसला कार्यान्वयन हुन वाधा पर्दैन। किनकी विगो दाखिल गर्नु पर्ने पक्षको अनुपस्थितिमा फैसला कार्यान्वयन नगर्ने हो भने निज अनुपस्थित भै रहने र फैसला कर्यान्वयन हुनै नसक्ने अवस्था हुन्छ। तर विगो भराई पाउने पक्ष फैसला कार्यान्वयन गरी न्यायको प्रत्याभूतिका लागि अदालतमा उपस्थित रहने अवस्था हुन्छ। विगो भराई पाउने पक्षकै अनुपस्थितिमा वा निजले फैसला कार्यान्वयन गर्न इन्कार गरेको अवस्थामा पहिलो पटक प्रकाशित सूचना बमोजिम डाक लिलाम गरी फैसला कार्यान्वयन गर्ने अवस्थाको परिकल्पना जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५ ले गरेको पाइदैन। पहिलो पटक प्रकाशित सूचना बमोजिम डाक लिलाम हुँदा डाक कबोल गर्न कोही नआए वा कसैले सकार नगरे अर्को पटक लिलाम बढाबढ गर्नुपर्ने र सो अवस्थामा कसैले डाक सकार नगरे वादी स्वयमले सकार गर्नुपर्ने, निजले सकार नगरे वा गर्न नचाहे पुनः लिलाम गराइ रहन नपर्ने भन्ने सम्मको व्यवस्था सो नियमावलीको नियम ७५(७) ले गरेको पाइन्छ।

२७. लिलाम सकार गर्ने व्यक्तिले जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(७क) बमोजिम रकम दाखिल गरिसकेपछि पनि मुलुकी ऐन दण्ड सजायको ६१ नं. बमोजिमको म्याद १५ दिन भित्र फैसला कार्यान्वयनको शिलशिलामा तहसिलदार कर्मचारीले गरेको काम कारबाहीमा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले उजुर गर्न सक्ने स्पष्ट कानूनी व्यवस्था रहेको पाइदा लिलाम सकार गर्ने पक्षले डाक कबोल गरे बमोजिमको रकम दाखिल गरेपछि निजको स्वतः हक सृजना भइहाल्ने नभई उपरोक्त दण्ड सजायको ६१ नं. को म्याद भित्र कोही कसैको दावी उजुर नपरे वा त्यसरी परेको उजुरीको कानून बमोजिम अन्तिम टुङ्गो लागेपछि मात्र लिलाम सकार गरेको सम्पत्तिम्रा हक प्राप्त गर्ने अवस्था हुन्छ। लेनदेन मुद्दाका प्रतिवादी यी रिट निवेदकले दण्ड सजायको ६१ नं. को म्याद भित्र वादीले भराई पाउने ठहरेको विगो समेत दाखिल गरी डाक लिलाम वदर गरिपाउन उजुरी निवेदन लिई आएको अवस्थामा उजुरी निवेदन दर्ता गरी विगो धरौटी राखी उजुरी निवेदन इजलास समक्ष पेश गर्ने गरेको तहसिलदारको कार्य कानून विपरित मात्र मिलेन। तहसिलदारले गरेको काम कारवाहीमा चित्त नबुझ्ने पक्षको उजुरी निवेदन ग्रहण गर्न तहसिलदारले इन्कार गर्न मिल्ने हुँदैन। आफुले गरेको काम कारबाही उपरको उजुरी नै तहसिलदारले ग्रहण गर्न मिल्दैन भनेर अर्थ गर्ने हो भने मुलुकी ऐन दण्ड सजायको ६१ नं.को कानूनी व्यवस्था निस्तेज हुने मात्र होइन तहसिलदार कर्मचारीको स्वेच्छाचारिताले समेत प्रश्रय पाउने

अवस्था हुन जान्छ। तसर्थ, दण्ड सजायको ६१ नं.को कानूनी व्यवस्था बमोजिम रिट निवेदकले दाखिल गरेको विगो धरौटी राखी लिलाम मुचुल्का उपरको उजुरी दर्ता गरेको कार्यलाई विधिसम्मत नै मान्नु पर्ने हुन्छ।

२८. जहाँसम्म मुलुकी ऐन दण्ड सजायको ६१ नं.को व्यवस्था भन्दा धेरै पछि जिल्ला अदालत नियमावलीको नियम ७५(११) को व्यवस्था भएकोले नियमावलीको नियम ७५(११) को पालना गर्नु पर्ने भन्ने पुनरावेदन अदालत जनकपुरको आदेश छ। सो तर्फ विचार गर्दा ऐन नियम समेतका कानूनी व्यवस्था पालन गर्न कै लागि निर्माण गरे भएको हुन्छ। कुनै ऐन नियम पालना गर्छु कुनै पालन गर्दिन भन्ने छुट हुँदैन। ऐन अन्तर्गत रहेर नियम जारी हुने हुँदा ऐन र नियमको व्यवस्था परस्पर बाझिन गएमा ऐन बमोजिम गर्नु पर्ने हुन्छ। प्रस्तुत सन्दर्भमा ऐन नियम बाझिएको अवस्था छैन। नियम बमोजिम भए गरेको काम कारबाहीमा चित्त नबुझ्ने पक्षले ऐनको व्यवस्था बमोजिम उजुरी गर्न पाउने नै हुँदा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(११) को व्यवस्थाले मुलुकी ऐन दण्ड सजायको ६१ नं. को प्रावधानलाई अन्यथा गर्ने वा निस्तेज पार्ने अवस्था हुँदैन।

२९. रिट निवेदकले लिलाम मुचुल्कामा चित्त नबुझेको आधार कारण खुलाई ऐनको म्याद भित्र उजुर गरेकोमा लिलाम मुचुल्कामा वादीको समेत सहमती नरहेको अवस्था, पक्षको अधिकार, न्यायको प्रत्याभूति समेतको विचार गरी मिति २०६९।०५।०३ मा भएको डाक लिलाम बदर गर्ने गरी जिल्ला अदालतबाट मिति २०६९।०५।२९ मा आदेश भई सो आदेशमा लेनदेन मुद्दाका वादी र प्रतिवादी दुबै पक्षले चित्त बुझाई बसी सो आदेश बमोजिम प्रतिवादीले दाखिल गरेको विगो वादीले बुझिलिई फैसला कार्यान्वयनको सबै कारबाही सम्पन्न भई मिति २०६९।०५।३१ मा तामेली आदेश समेत भएकोमा तेस्रो पक्ष (लिलाम सकार गर्ने पक्ष)को तर्फबाट मुलुकी ऐन अ.वं.१७ नं. बमोजिम परेको निवेदनको रोहबाट जिल्ला अदालतबाट मिति २०६९।०५।२९ मा भएको आदेश बदर गर्ने गरी मिति २०७०।०५।१३ मा भएको आदेशले निवेदकको सम्पत्तिको हक अधिकारमा प्रतिकूल असर पर्न गएको देखिंदा र साधारण क्षेत्राधिकार अन्तर्गत अन्य उपचारको व्यवस्था समेत भएको नदेखिंदा रिट क्षेत्रबाट उपचार खोज्न मिल्ने नै देखिन आयो।

३०. उपरोक्त विवेचित आधार कारणहरूबाट पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।०५।१३ मा भएको आदेश उत्प्रेषणको आदेशद्वारा वदर हुनु पर्ने अवस्था देखिन आयो। निवेदकले यस अदालत समक्ष प्रस्तुत निवेदन मिति २०७०।०६।०६ मा दर्ता गरेको र मिति २०७०।०६।०७ मा पुनरावेदन अदालत जनकपुरको आदेश कार्यान्वयन नगर्नू नगराउनू भनी अन्तरिम आदेश समेत जारी भएकोमा सो आदेश हुनु

अगावै पुनरावेदन अदालत जनकपुरको आदेश कार्यान्वयन भई सुनिल कुमार कर्णको नाउँमा दर्ता श्रेस्ता समेत कायम भइसकेको देखिन आयो। अतः तत्कालिन पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।०५।१३ मा भएको आदेश तथा सो आदेश बमोजिम भए गरेको सम्पूर्ण काम कारबाही दर्ता श्रेस्ता समेत उत्प्रेषणको आदेशद्वारा बदर भई निवेदकका नाउँमा साविक बमोजिम कायम हुने समेत ठहर्छ। प्रस्तुत आदेशको जानकारी सम्बन्धित पक्षहरुलाई दिनू। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(शारङ्गा सुवेदी)
न्यायाधीश

उक्त आदेशमा हामी सहमत छौं।

(सुनिल कुमार पोखरेल) न्यायाधीश

(बालकृष्ण ढकाल) न्यायाधीश

इजलास अधिकृतः- कालिबहादुर साम्यू लिम्बू/ बसन्तीकुमारी जोशी
कम्प्यूटर टाईपः- विकेश गुरागाई
इति सम्वत् २०८० साल माघ महिना १८ गते रोज ५ शुभम् --------------------।